# बिरुवा क्वारेन्टाइन तथा संरक्षण ऐन, २०६४

(मिति २०७९ साल असार मसान्तसम्म भएका संशोधन समेत मिलाइएको)

**नेपाल सरकार**

**कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय**

**सिंहदरबार**

# बिरुवा क्वारेन्टाइन तथा संरक्षण ऐन, २०६४

प्रमाणीकरण र प्रकाशन मिति
२०६४।५।२७

संशोधन गर्ने ऐन

| | |
|---|---|
| १. केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ | २०७२।११।१३ |
| २. नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ | २०७५।११।१९ |
| ३. बिरुवा संरक्षण (पहिलो संशोधन) ऐन, २०७९ | २०७९।०३।२४ |

२०६४ सालको ऐन नं. २०

बिरुवा क्वारेन्टाइन तथा संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना: बिरुवा तथा बिरुवाजन्य उपजको निकासी, पैठारी र ओसारपसार गर्दा शत्रुजीवको प्रवेश, स्थापना र फैलावट रोक्न, तिनीहरुको प्रभावकारी नियन्त्रणको लागि उपयुक्त तरिकाहरु अवलम्बन गरी ∫राष्ट्रिय जैविक सुरक्षाका जोखिमहरूको न्यूनीकरण गर्ने र बिरुवा तथा बिरुवाजन्य उपजहरुको व्यापार प्रवर्धन गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

व्यवस्थापिका–संसदले यो ऐन बनाएको छ ।

परिच्छेद–१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "बिरुवा क्वारेन्टाइन तथा संरक्षण ऐन, २०६४" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "बिरुवा" भन्नाले जीवित वा मृत वनस्पति वा त्यसको कुनै भाग सम्झनु पर्छ र सो शब्दले वनस्पतिको डाँठ, हाँगा, गाँठ, कलमी, बोक्रा, जरा, पात, फल, फूल, बीउ र जर्मप्लाज्म समेतलाई जनाउँछ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

---

∫ पहिलो संशोधनद्वारा थप।

(ख) "बिरुवाजन्य उपज" भन्नाले उपयोगको लागि तयार भइनसकेको बिरुवाजन्य सामग्री (दाना समेत) वा उपयोगको लागि तयार भइसकेको तर प्रशोधनको प्रकृति वा अन्य कुनै कारणले शत्रुजीव प्रवेश गराउन वा फैलाउन सक्ने बिरुवाजन्य सामग्री सम्झनु पर्छ ।

(ग) "अन्य वस्तु" भन्नाले रोग वा कीरालाई आश्रय दिन वा फैलाउन सक्ने कुनै बिरुवा वा बिरुवाजन्य उपजको भण्डारण स्थल, प्याकेजिङ्ग, कण्टेनर, वाहन, बिरुवा हुर्कने माध्यम जस्तै माटो, झ्याउ, पीट र अन्य यस्तै वस्तु सम्झनु पर्छ ।

⊗(घ) "शत्रुजीव" भन्नाले बिरुवा वा बिरुवाजन्य उपजलाई हानि पुऱ्याउने बिरुवा, जनावर वा रोगका कारक सुक्ष्मजीव लगायतका जीव सम्झनु पर्छ र सो शब्दले सुक्ष्मजीवका जाति वा प्रजाति, नश्ल तथा बायोटाइपलाई समेत जनाउँछ।

⊗(ङ) "नियमित शत्रुजीव" भन्नाले बिरुवा वा बिरुवाजन्य उपजलाई आर्थिक रूपमा हानि पुऱ्याउने भनी मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको शत्रुजीव सम्झनु पर्छ र सो शब्दले क्वारेन्टाइन शत्रुजीव र नियमित नन्-क्वारेन्टाइन शत्रुजीवलाई समेत जनाउँछ।

⊗(च) "क्वारेन्टाइन शत्रुजीव" भन्नाले नेपालमा नभएका वा भए पनि बृहत् रूपमा नफैलिएका र नियन्त्रणमा रहेका आर्थिक रुपमा हानि पुऱ्याउने शत्रुजीव सम्झनु पर्छ।

∫(च१) "नियमित नन्-क्वारेन्टाइन शत्रुजीव" भन्नाले बिरुवा तथा बिरुवाजन्य उपजमा शत्रुजीवको उपस्थितिले त्यसको लक्षित उपयोगलाई आर्थिक रूपमा हानि पुऱ्याउन सक्ने शत्रुजीव सम्झनु पर्छ।

(छ) "लाभदायक कीरा" भन्नाले मौरी, रेशम कीरा, लाहा कीरा जस्ता कीराहरु सम्झनु पर्छ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

---

⊗ पहिलो संशोधनद्वारा संशोधित।

∫ पहिलो संशोधनद्वारा थप।

(ज) "बायोलोजिकल कण्ट्रोल एजेण्ट" भन्नाले जैविक विधिबाट शत्रुजीव नियन्त्रण गर्न प्रयोग हुने परजीवी, प्रति परजीवी, शिकारी कीरा जस्ता जीव सम्झनु पर्छ र सो शब्दले च्याउ, शाकाणु (व्याक्टेरिया), ढुसी (फंगस), विषाणु (भाईरस) जस्ता वनस्पति समेतलाई जनाउँछ ।

(झ) "वाहन" भन्नाले बिरुवा, बिरुवाजन्य उपज वा अन्य वस्तु ओसार पसार गर्न प्रयोग हुने हवाईजहाज, रेल, ट्रक, गाडा, घोडा, खच्चर र अन्य यस्तै साधन सम्झनु पर्छ ।

(ञ) "कण्टेनर" भन्नाले बिरुवा, बिरुवाजन्य उपज वा अन्य वस्तु ओसार पसार गर्नको लागि प्रयोग हुने वा भएको भाँडो, बाकस, झोला वा अन्य यस्तै वस्तु सम्झनु पर्छ ।

(ट) "क्वारेन्टाइन" भन्नाले बिरुवा, बिरुवाजन्य उपज वा अन्य वस्तु स्वस्थ छ छैन भनी अवलोकन, परीक्षण, निरीक्षण अनुसन्धान, जाँच गर्न र स्वस्थ नभएमा उपचार गर्नको लागि त्यस्तो बिरुवा, बिरुवाजन्य उपज वा अन्य वस्तुलाई निर्धारित वा निरीक्षकले तोकेको स्थलमा राख्ने कार्य सम्झनु पर्छ ।

(ठ) "परीक्षण क्षेत्र" भन्नाले बिरुवाको स्वस्थता परीक्षण सम्बन्धी प्रक्रिया पूरा गर्नको लागि छुट्याइएको क्षेत्र सम्झनु पर्छ ।

(ड) "शत्रुजीव क्षेत्र" भन्नाले कुनै क्षेत्रमा स्थायित्व कायम गर्ने गरी शत्रुजीवको प्रवेश रहेको क्षेत्र सम्झनु पर्छ ।

(ढ) "सङ्क्रमण" भन्नाले बिरुवा वा बिरुवाजन्य उपजमा क्षति पुऱ्याउने गरी शत्रुजीवको उपस्थिति वा फैलावट सम्झनु पर्छ ।

(ण) "निरीक्षक" भन्नाले दफा १४ बमोजिम तोकिएको व्यक्ति सम्झनु पर्छ ।

⊗(त) "मन्त्रालय" भन्नाले कृषि सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(थ) "समिति" भन्नाले दफा ३ बमोजिम गठित प्लाण्ट क्वारेन्टाइन समिति सम्झनु पर्छ।

---

⊗ पहिलो संशोधनद्वारा संशोधित।

(द) “सङ्गठन” भन्नाले दफा ६ बमोजिम नेपाल सरकारले तोकेको राष्ट्रिय बिरुवा संरक्षण सङ्गठनको कार्यालय सम्झनु पर्छ ।

(ध) “प्रवेश अनुमतिपत्र” भन्नाले दफा ७ बमोजिम दिइएको अनुमतिपत्र सम्झनु पर्छ।

(न) “स्वस्थता प्रमाणपत्र” भन्नाले दफा १२ बमोजिम दिइएको स्वस्थता प्रमाणपत्र सम्झनु पर्छ ।

(प) “संस्था” भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको फर्म वा सङ्गठित संस्था सम्झनु पर्छ ।

(फ) “शत्रुजीव जोखिम विश्लेषण (पेष्ट रिस्क एनालिसिस)” भन्नाले बिरुवा वा बिरुवाजन्य उपज पैठारी प्रयोजनको लागि दफा १७ बमोजिम नियमित शत्रुजीव निर्धारण गरिने प्रक्रिया सम्झनु पर्छ ।

(ब) “संकटोत्पन्न क्षेत्र” भन्नाले बिरुवा वा बिरुवाजन्य उपजलाई आर्थिक रुपमा हानि नोक्सानी गर्ने गरी शत्रुजीव स्थापित हुन अनुकूल वातावरण भएको क्षेत्र सम्झनु पर्छ ।

(भ) “कार्यालय” भन्नाले दफा ३३ बमोजिम स्थापित कार्यालय सम्झनु पर्छ ।

∫(भ१) “कार्यालय प्रमुख” भन्नाले दफा ३३ बमोजिम स्थापित कार्यालयको प्रमुख सम्झनु पर्छ।

(म) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

कानून तथा संसदीय मामिला मन्त्रालय

∫ पहिलो संशोधनद्वारा थप।

परिच्छेद–२

## समिति तथा सङ्गठन सम्बन्धी व्यवस्था

⊗३. समितिको गठनः (१) बिरुवा तथा बिरुवाजन्य उपजको क्वारेन्टाइन नीतिका सम्बन्धमा नेपाल सरकारलाई राय सुझाव दिन देहाय बमोजिमको एक प्लाण्ट क्वारेन्टाइन समिति रहनेछः-

(क) सचिव, मन्त्रालय -अध्यक्ष

(ख) सहसचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय (विश्व व्यापार सङ्गठन हेर्ने) -सदस्य

(ग) सहसचिव, वन तथा वातावरण मन्त्रालय -सदस्य

(घ) महानिर्देशक, भन्सार विभाग -सदस्य

(ङ) कार्यकारी निर्देशक, नेपाल कृषि अनुसन्धान परिषद् -सदस्य

(च) प्रतिनिधि, नेपाल उद्योग वाणिज्य महासङ्घ -सदस्य

(छ) नेपाल सरकारले मनोनीत गरेका कम्तीमा एकजना महिला सहित दुईजना विशेषज्ञ -सदस्य

(ज) विषयगत अनुभव भएका कृषक, कृषि व्यवसायी वा कृषि उद्यमीहरूमध्येबाट नेपाल सरकारले मनोनयन गरेका कम्तीमा एकजना महिला सहित तीनजना -सदस्य

(झ) प्रमुख, प्लाण्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्र -सदस्य-सचिव

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

---

⊗ पहिलो संशोधनद्वारा संशोधित।

(२) उपदफा (१) को खण्ड (छ) र (ज) बमोजिमका मनोनीत सदस्यको पदावधि तीन वर्षको हुनेछ र निजहरु एकपटकको लागि पुनः मनोनयन हुन सक्नेछन्।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि मनोनीत सदस्यको कार्य क्षमताको अभाव भएमा, खराब आचरण भएमा, इमान्दारीपूर्वक पदीय आचरण नगरेमा नेपाल सरकारले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ। त्यसरी हटाउँदा निजलाई सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

४. <u>समितिको बैठक</u>:(१) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित समितिका सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(३) समितिको बैठकमा कुल सदस्य संख्याको एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा गणपूरक संख्या पूरा भएको मानिनेछ ।

(४) समितिको बैठकमा बहुमतको राय समितिको निर्णय मानिनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

∫(४क) समितिले आवश्यक देखेमा प्राविधिक वा विषय विशेषज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(५) समितिको निर्णय सदस्य–सचिवद्वारा प्रमाणित गरिनेछ ।

(६) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

⊗५. **<u>समितिको काम, कर्तव्य र अधिकार</u>**ः समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्लाण्ट क्वारेन्टाइन लगायत बिरुवा स्वस्थता सम्बन्धी राष्ट्रिय नीति तर्जुमा गर्न नेपाल सरकारलाई परामर्श दिने,

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

---

∫ पहिलो संशोधनद्वारा थप।

⊗ पहिलो संशोधनद्वारा संशोधित।

(ख) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम बिरुवा, बिरुवाजन्य उपज वा अन्य नियमन गरिएका वस्तुको पैठारी, निकासी, निरीक्षण र परीक्षण गर्दा लाग्ने शुल्क निर्धारण तथा पुनरावलोकन गर्ने,

(ग) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम बिरुवा, बिरुवाजन्य उपज वा अन्य नियन्त्रित वस्तुको पैठारी निकासी गर्ने कार्यमा संलग्न निजी क्षेत्र तथा सरकारी निकायबीच समन्वय कायम गर्ने,

(घ) नियमित शत्रुजीवको सूची अद्यावधिक गरी नेपाल राजपत्रमा प्रकाशन गर्न सिफारिस गर्ने,

(ङ) प्लाण्ट क्वारेन्टाइनसँग सम्बन्धित विशेषज्ञहरूको सूची तयार गर्ने,

(च) निकासी वा पैठारी गरिने बिरुवा वा बिरुवाजन्य उपजको स्वस्थता सम्बन्धी मापदण्ड स्वीकृत गर्ने,

(छ) प्लाण्ट क्वारेन्टाइन सम्बन्धी तोकिए बमोजिम अन्य कार्य गर्ने।

६. राष्ट्रिय बिरुवा संरक्षण सङ्गठन तोक्न सक्नेः (१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी बिरुवा संरक्षणसँग सम्बन्धित केन्द्रीयस्तरको कुनै कार्यालयलाई राष्ट्रिय बिरुवा संरक्षण सङ्गठनको रुपमा तोक्न सक्नेछ ।

(२) यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त सङ्गठनको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) पैठारी वा निकासी गरिने बिरुवा वा बिरुवाजन्य उपजको स्वस्थता सम्बन्धी मापदण्ड तयार गरी स्वीकृतिको लागि समिति समक्ष पेश गर्ने,

∫(क१) नियमित शत्रुजीवहरूको सूची तयार गर्ने र आवश्यकता अनुसार पुनरावलोकन र परिमार्जन गरी समिति समक्ष पेश गर्ने,

(ख) बिरुवा, बिरुवाजन्य उपज, बायोलोजिकल कण्ट्रोल एजेण्ट, लाभदायक कीरा र अन्य वस्तुको परीक्षण, जाँच, निरीक्षण र उपचार सम्बन्धी निर्देशिका तयार गरी लागू गर्ने,

---

∫ पहिलो संशोधनद्वारा थप।

∫(ख१) बिरुवा, बिरुवाजन्य उपज वा अन्य नियन्त्रित वस्तुहरूको निकासी, पैठारी, निरीक्षण तथा परीक्षण गर्दा लाग्ने शुल्क निर्धारण गर्न समिति समक्ष सिफारिस गर्ने,

(ग) संकटोत्पन्न क्षेत्रको पहिचान गरी क्वारेन्टाइन प्रक्रियाबाट सो क्षेत्रमा बिरुवा तथा बिरुवाजन्य उपजको संरक्षण गर्ने गराउने,

(घ) शत्रुजीव मुक्त क्षेत्र एवं कम शत्रुजीव सङ्क्रमित क्षेत्र पहिचान गरी त्यस्ता क्षेत्रको घोषणा तथा निगरानी गर्ने,

(ङ) बिरुवा तथा बिरुवाजन्य उपज, बायोलोजिकल कण्ट्रोल एजेण्ट, लाभदायक कीराको ओसार पसार र प्रयोग सम्बन्धी शर्त तथा बन्देज तोक्ने,

(च) बिरुवा तथा बिरुवाजन्य उपज, लाभदायक कीरा, बायोलोजिकल कण्ट्रोल एजेण्ट वा अन्य वस्तु सम्बन्धी कामको राष्ट्रिय समन्वयकर्ताको रुपमा काम गर्ने,

∫(च१) प्लाण्ट क्वारेन्टाइन तथा बिरुवा स्वस्थतासँग सम्बन्धित विशेषज्ञहरूको सूची तयार गरी समिति समक्ष पेश गर्ने,

(छ) पैठारी वा निकासी गरिने बिरुवा वा बिरुवाजन्य उपजको स्वस्थता सम्बन्धी स्वीकृत मापदण्ड लागू गर्ने, गराउने,

(ज) अन्य राष्ट्रहरुको बिरुवा स्वस्थता सम्बन्धी निकायसँग समन्वय गरी एक अर्काको प्रवेश अनुमतिपत्र तथा स्वस्थता प्रमाणपत्रलाई मान्यता दिने सम्बन्धमा समझदारी गर्ने,

(झ) तोकिए बमोजिमको अन्य काम गर्ने ।

---

∫ पहिलो संशोधनद्वारा थप।

## परिच्छेद–३

## प्रवेश अनुमतिपत्र, स्वस्थता प्रमाणपत्र र पुनः निकासी प्रमाणपत्र सम्बन्धी व्यवस्था

७. प्रवेश अनुमतिपत्र लिनु पर्नेः(१) बिरुवा, बिरुवाजन्य उपज, बायोलोजिकल कण्ट्रोल एजेण्ट, लाभदायक कीरा वा बिरुवा हुर्कने माध्यम जस्तै माटो, झ्याउ, पीट आदि पैठारी गर्न चाहने व्यक्ति वा संस्थाले यस ऐन बमोजिम प्रवेश अनुमतिपत्र लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमका बिरुवा, बिरुवाजन्य उपज, बायोलोजिकल कण्ट्रोल एजेण्ट, लाभदायक कीरा वा बिरुवा हुर्कने माध्यम जस्तै माटो, झ्याउ, पीट आदि पैठारी सम्बन्धी शर्त तथा बन्देज मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिम हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिले आफ्नो व्यक्तिगत वा अनुसन्धान गर्ने प्रयोजनको लागि बिरुवा, बिरुवाजन्य उपज, बायोलोजिकल कण्ट्रोल एजेण्ट, लाभदायक कीरा ल्याएमा कार्यालयले निजबाट तोकिए बमोजिमको दस्तुर लिई यस ऐन बमोजिमको प्रक्रिया पुऱ्याई त्यस्तो बिरुवा वा बिरुवाजन्य वस्तु नेपालभित्र ल्याउन निजलाई प्रवेश अनुमतिपत्र दिन सक्नेछ ।

८. प्रवेश अनुमतिपत्र लिन निवेदन दिनु पर्नेः(१) दफा ७ को उपदफा (१) बमोजिम बिरुवा, बिरुवाजन्य उपज, बायोलोजिकल कण्ट्रोल एजेण्ट, लाभदायक कीरा वा बिरुवा हुर्कने माध्यम जस्तै माटो, झ्याउ, पीट आदि पैठारी गर्न चाहने व्यक्ति वा संस्थाले तोकिएको कागजात र दस्तुर सहित तोकिए बमोजिमको ढाँचामा तोकिएको अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन जाँचबुझ गर्दा त्यस्तो बिरुवा, बिरुवाजन्य उपज, बायोलोजिकल कण्ट्रोल एजेण्ट, लाभदायक कीरा वा बिरुवा हुर्कने माध्यम जस्तै माटो, झ्याउ, पीट आदि पैठारी गर्ने अनुमति दिन उपयुक्त देखिएमा तोकिएको अधिकारीले तोकिएको ढाँचामा निवेदकलाई पैठारी प्रवेश अनुमतिपत्र दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रवेश अनुमतिपत्र दिन उपयुक्त नभएमा सो कुराको जानकारी सम्बन्धित व्यक्तिलाई सात दिनभित्र दिनु पर्नेछ ।

९. प्रवेश अनुमतिपत्रको अवधिःप्रवेश अनुमतिपत्रको अवधि तीन महिनाको हुनेछ ।

१०. <u>प्रवेश अनुमतिपत्रको नवीकरण</u>:(१) प्रवेश अनुमतिपत्र नवीकरण गर्न चाहने व्यक्ति वा संस्थाले प्रवेश अनुमतिपत्रको अवधि समाप्त हुनुभन्दा सात दिन अगावै तोकिएको अधिकारी समक्ष प्रवेश अनुमतिपत्र नवीकरणको लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा तोकिएको अधिकारीले तोकिए बमोजिमको दस्तुर लिई बढीमा तीन महिनासम्मको लागि त्यस्तो प्रवेश अनुमतिपत्र नवीकरण गरी दिन सक्नेछ ।

(३) प्रवेश अनुमतिपत्रको अवधि समाप्त भएपछि त्यस्तो प्रवेश अनुमतिपत्र स्वतः रद्द हुनेछ ।

११ <u>प्रवेश अनुमति लिनु पर्ने</u>: (१) पैठारीका लागि प्रवेश नाकामा ल्याइएका बिरुवा, बिरुवाजन्य उपज, वायोलोजिक कण्ट्रोल एजेण्ट, लाभदायक कीरा वा बिरुवा हुर्कने माध्यम जस्तै माटो झ्याउ, पीट आदि नेपालभित्र पैठारी गर्नु पूर्व प्रवेश अनुमति लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रवेश अनुमति लिने प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

१२. <u>निकासी वा पुनः निकासीको लागि स्वस्थता प्रमाणपत्र लिन सक्ने</u>: (१) बिरुवा, बिरुवाजन्य उपज, बायोलोजिकल कण्ट्रोल एजेण्ट वा लाभदायक कीरा निकासी गर्न चाहने व्यक्ति वा संस्थाले स्वस्थता प्रमाणपत्र लिन सक्नेछ ।

(२)नेपालमा पैठारी गरिएका बिरुवा, बिरुवाजन्य उपज बायोलोजिकल कण्ट्रोल एजेण्ट वा लाभदायक कीरा अर्को देशमा पुनः निकासी गर्न चाहने व्यक्ति वा संस्थाले पुनः निकासी स्वस्थता प्रमाणपत्र लिन सक्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम स्वस्थता प्रमाणपत्र लिन चाहने व्यक्ति वा संस्थाले तोकिए बमोजिमको दस्तुर संलग्न गरी तोकिएको अधिकारी समक्ष तोकिए बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(४) ⊗<u>उपदफा (३)</u> बमोजिम परेको निवेदन उपर आवश्यक जाँचबुझ गर्दा स्वस्थता प्रमाणपत्र दिन उपयुक्त देखिएमा तोकिएको अधिकारीले तोकिए बमोजिमको ढाँचामा स्वस्थता प्रमाणपत्र वा पुनः निकासी स्वस्थता प्रमाणपत्र दिनु पर्नेछ ।

∫(५) उपदफा (४) बमोजिमको स्वस्थता प्रमाणपत्र दिंदा ई-फाईटो प्रणाली लागू गर्न

---

⊗ पहिलो संशोधनद्वारा संशोधित।

∫ पहिलो संशोधनद्वारा थप।

सकिनेछ।

<u>**स्पष्टीकरणः**</u> यस उपदफाको प्रयोजनको लागि "ई-फाईटो" भन्नाले बिरुवा स्वस्थता सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड बमोजिम देशहरुबीच कम्प्युटर सफ्टवेयरको माध्यमबाट आदान-प्रदान गर्न सकिने गरी तयार गरिएको विद्युतीय बिरुवा स्वस्थ्य प्रमाणपत्र सम्झनु पर्छ।

१३. <u>कन्साइनमेण्ट लैजानको लागि अनुमति लिनु पर्नेः</u>(१) बिरुवा र बिरुवाजन्य उपज वा अन्य वस्तुको पारवहनमा रहेको कन्साइनमेण्ट नेपालको बाटोबाट अन्य मुलुकमा लैजान चाहेमा सम्बन्धित व्यक्ति वा संस्थाले तोकिएको दस्तुर संलग्न गरी तोकिए बमोजिमको ढाँचामा कार्यालय समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा कार्यालयले निवेदन साथ संलग्न कागजात र त्यस्तो कन्साइनमेण्ट जाँचबुझ गर्नेछ ।

(३) उपदफा (२) बमोजिम जाँचबुझ गर्दा त्यस्तो कन्साइनमेण्ट देहाय बमोजिमको भएमा सो कार्यालयले त्यस्तो कन्साइनमेण्ट नेपालको बाटो भएर अन्य मुलुकमा लैजान अनुमति दिनेछः–

(क) शत्रुजीव बाहिर निस्कन वा फैलिन नसक्ने गरी प्याकिङ्ग गरिएको,

(ख) कन्साइनमेण्ट र त्यससँग सम्बन्धित कागजात गन्तव्य राष्ट्रको बिरुवा वा बिरुवाजन्य उपजको पैठारी सम्बन्धी शर्त बमोजिमको भएको,

(ग) कन्साइनमेण्ट स्वस्थता प्रमाणपत्र अनुसारको भएको, र

(घ) कन्साइनमेण्ट ओसार पसार गर्दा त्यसबाट नेपालमा कुनै प्रकारको असर नपर्ने ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

## परिच्छेद–४

## <u>निरीक्षण, परीक्षण र उपचार सम्बन्धी व्यवस्था</u>

⊗१४. <u>निरीक्षक तोक्न सक्नेः</u> (१) मन्त्रालयले मान्यताप्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञान विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरी नेपाल कृषि सेवाको बाली संरक्षण समूहमा कार्यरत अधिकृत वा सोही सेवा समूहको प्राविधिक सहायक पदमा रही क्वारेन्टाइन

---

⊗ पहिलो संशोधनद्वारा संशोधित।

सम्बन्धी कामको कम्तीमा पाँच वर्षको अनुभव प्राप्त गरेको कर्मचारीलाई निरीक्षकको रूपमा तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम निरीक्षक तोक्नको लागि आवश्यक सङ्ख्यामा कर्मचारी उपलब्ध हुन नसकेको अवस्थामा मन्त्रालयले प्रदेश सरकारको परामर्शमा मान्यताप्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञान विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरेको प्रदेश सेवाको कर्मचारीलाई समेत निरीक्षकको रुपमा तोक्न सक्नेछ।

१५. <u>निरीक्षकको काम, कर्तव्य र अधिकारः</u> (१) निरीक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) पैठारी गरिएका वा परीक्षण क्षेत्रमा रहेका, भण्डारण गरिएका वा पारवहनको क्रममा रहेका बिरुवा, बिरुवाजन्य उपज, बायोलोजिकल कण्ट्रोल एजेण्ट, लाभदायक कीरा वा अन्य वस्तु स्वीकृत मापदण्ड अनुरुप भए नभएको आवश्यकतानुसार जाँच तथा परीक्षण गर्ने,

(ख) पैठारी वा निकासी हुने बिरुवा, बिरुवाजन्य उपज, बायोलोजिकल कण्ट्रोल एजेण्ट, लाभदायक कीरा वा अन्य वस्तु शत्रुजीवबाट सङ्क्रमित भएको छ छैन भनी तोकिए बमोजिम निरीक्षण वा परीक्षण गर्ने,

[∫](ख१) निकासी वा पैठारी हुने काठका सामग्रीमा अन्तर्राष्ट्रिय मापदण्ड अनुसारको लोगो लागेको र प्रमाणीकरण भए नभएको सम्बन्धमा तोकिए बमोजिम सुनिश्चित गर्ने,

(ग) परीक्षण क्षेत्र वा भण्डारणस्थल वा अन्य कुनै ठाउँमा जुनसुकै समयमा प्रवेश गरी त्यस्तो क्षेत्र वा भण्डारण स्थलको जाँच गर्ने र आवश्यक भए तोकिए बमोजिम खानतलासी लिने,

(घ) बिरुवा, बिरुवाजन्य उपज, बायोलोजिकल कण्ट्रोल एजेण्ट, लाभदायक कीरा वा अन्य वस्तु रहेको कण्टेनर र वाहन आवश्यक भए जुनसुकै स्थानमा रोकी जुनसुकै समयमा खानतलासी लिने,

(ङ) खण्ड (क) बमोजिम जाँच वा परीक्षण गर्दा वा खण्ड (ख) बमोजिम निरीक्षण गर्दा वा खण्ड (ग) र (घ) बमोजिम खानतलासी लिँदा त्यस्ता

---

[∫] पहिलो संशोधनद्वारा थप।

बिरुवा, बिरुवाजन्य उपज वा बायोलोजिकल कण्ट्रोल एजेण्ट, लाभदायक कीरा वा अन्य वस्तु सङ्क्रमित भएको पाइएमा आवश्यकतानुसार उपचार गर्ने वा सम्बन्धित व्यक्तिलाई उपचार गराउन आदेश दिने,

(च) खण्ड (ङ) बमोजिम उपचार गर्दा वा गराउँदा बिरुवा, बिरुवाजन्य उपज, बायोलोजिकल कण्ट्रोल एजेण्ट, लाभदायक कीरा वा अन्य वस्तु स्वस्थ्य नभएमा त्यस्तो बिरुवा, बिरुवाजन्य उपज वा वस्तुलाई आफ्नो नियन्त्रणमा लिन वा तोकिए बमोजिम नष्ट गर्न वा सम्बन्धित देशमा फिर्ता गर्न पर्ने भएमा तुरुन्त सङ्गठनमा सूचना गरी प्राप्त आदेशानुसार गर्ने,

(छ) सङ्क्रमित बिरुवा, बिरुवाजन्य उपज, बायोलोजिकल कण्ट्रोल एजेण्ट, लाभदायक कीरा वा अन्य वस्तुको बिक्री, वितरण वा प्रयोग गर्न रोक लगाउने,

(ज) तोकिए बमोजिमको अन्य काम गर्ने ।

(२) उपदफा (१) बमोजिमको निरीक्षण, परीक्षण तथा उपचार सम्बन्धी अन्य प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

१६. <u>निरीक्षण, परीक्षण र उपचार दस्तुरः</u>यस परिच्छेद बमोजिम निरीक्षकले निरीक्षण, परीक्षण वा उपचार गर्दा लाग्ने दस्तुर मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिम हुनेछ ।

परिच्छेद–५

<u>शत्रुजीव नियन्त्रण सम्बन्धी व्यवस्था</u>

१७. <u>शत्रुजीव जोखिम विश्लेषणः</u>(१) सङ्गठनले शत्रुजीव जोखिम विश्लेषण गरी नियमित शत्रुजीव निर्धारण गर्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्धारण गरिएको नियमित शत्रुजीवको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्न सङ्गठनले मन्त्रालय समक्ष सिफारिस सहित पठाउनेछ र मन्त्रालयले त्यसरी प्राप्त भएपछि त्यस्तो सूचना नेपाल राजपत्रमा प्रकाशन गर्नेछ ।

१८. <u>क्वारेन्टाइन शत्रुजीवको सूचना दिन सक्नेः</u>कसैले कुनै क्षेत्रमा क्वारेन्टाइन शत्रुजीव भएको वा फैलिएको थाहा पाएमा सोको जानकारी नजिकको निरीक्षकलाई दिन सक्नेछ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

१९. <u>क्वारेन्टाइन शत्रुजीव प्रभावित क्षेत्र घोषणा गर्न सक्ने:</u> (१) नेपालको कुनै क्षेत्रमा क्वारेन्टाइन शत्रुजीव फैलिएमा वा फैलिन सक्ने सम्भावना भएमा सङ्गठनले त्यस्तो क्षेत्रलाई क्वारेन्टाइन शत्रुजीव प्रभावित क्षेत्र घोषणा गर्न मन्त्रालय समक्ष सिफारिस गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सिफारिस भई आएमा त्यसमा उल्लेखित अवस्था समेतलाई विचार गरी मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी क्वारेन्टाइन शत्रुजीव प्रभावित क्षेत्र घोषणा गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम क्वारेन्टाइन शत्रुजीव प्रभावित क्षेत्र घोषणा गर्दा मन्त्रालयले त्यस्तो घोषणा लागू हुने समय, क्षेत्र, कारण, त्यस्तो क्षेत्रमा गर्न नहुने काम, क्वारेन्टाइन सम्बन्धी शर्त समेत उल्लेख गर्नेछ ।

२०. <u>क्वारेन्टाइन शत्रुजीव प्रभावित क्षेत्रमा शत्रुजीवको नियन्त्रण:</u>(१) दफा १९ बमोजिम घोषित क्वारेन्टाइन शत्रुजीव प्रभावित क्षेत्रमा क्वारेन्टाइन शत्रुजीव नियन्त्रण गर्नको लागि सङ्गठनले देहायका कुनै वा सबै उपाय अवलम्बन गर्न सक्नेछः–

(क) त्यस्तो शत्रुजीवको नियन्त्रण गर्न उपचार गर्ने,

(ख) त्यस्तो क्षेत्रमा रहेको बिरुवा, बिरुवाजन्य उपज वा बायोलोजिकल कण्ट्रोल एजेण्ट, लाभदायक कीरा वा अन्य वस्तु नष्ट गर्ने,

(ग) त्यस्तो क्षेत्रबाट बिरुवा, बिरुवाजन्य उपज, बायोलोजिकल कण्ट्रोल एजेण्ट वा अन्य वस्तु अन्यत्र लैजान रोक लगाउने,

(घ) त्यस्तो क्षेत्रमा बिरुवा वा बिरुवाजन्य उपज रोप्न रोक लगाउने, र

(ङ) सङ्गठनले उपयुक्त ठानेका अन्य उपायहरु अवलम्बन गर्ने ।

(२) सङ्गठनले आवश्यक देखेमा दफा १९ बमोजिम क्वारेन्टाइन शत्रुजीव प्रभावित क्षेत्र वा सो क्षेत्रको नजिकका क्षेत्रमा रहेका बिरुवाका धनीलाई उपदफा (१) बमोजिमको कार्य गर्न आदेश दिन सक्नेछ

(३) उपदफा (२) बमोजिम दिइएको आदेश पालना गराउन सङ्गठनले सम्बन्धित क्षेत्रको निरीक्षकलाई लेखी पठाउनेछ ।

(४) उपदफा (३) बमोजिमको आदेश प्राप्त भएपछि सम्बन्धित निरीक्षकले त्यस्तो आदेशको पालना गर्न बिरुवा वा बिरुवाजन्य उपज, परीक्षण क्षेत्र वा त्यस्तो बिरुवा वा बिरुवाजन्य उपज वा बायोलोजिकल कण्ट्रोल एजेण्ट, लाभदायक कीरा वा अन्य वस्तु रहेको

जग्गाभित्र प्रवेश गरी उपदफा (२) बमोजिम दिइएको आदेश बमोजिमको काम गर्न गराउन सक्नेछ ।

(५) शत्रुजीव नियन्त्रण गर्न यस दफा बमोजिम कुनै काम कारबाहीको सिलसिलामा सक्दो सावधानी अपनाउँदा पनि कसैको कुनै स्वस्थ बिरुवा, बिरुवाजन्य उपज, बायोलोजिकल कण्ट्रोल एजेण्ट वा लाभदायक कीरा वा अन्य वस्तु नष्ट भएमा सङ्गठन वा नेपाल सरकारले कुनै किसिमको दायित्व बहन गर्नु वा क्षतिपूर्ति तिर्नु पर्ने छैन ।

२१. <u>क्वारेन्टाइन शत्रुजीव प्रभावित क्षेत्रको घोषणा रद्द गर्ने</u>:(१) दफा १९ बमोजिम घोषित क्वारेन्टाइन शत्रुजीव प्रभावित क्षेत्रमा क्वारेन्टाइन शत्रुजीव नियन्त्रण भए नभएको सम्बन्धमा सङ्गठनले समय समयमा अनुगमन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा क्वारेन्टाइन शत्रुजीव नियन्त्रण भएको पाइएमा सङ्गठनको सिफारिसमा मन्त्रालयले दफा १९ बमोजिमको घोषणामा उल्लिखित समय अगावै त्यस्तो घोषणा रद्द गर्न सक्नेछ ।

## परिच्छेद–६

## <u>कसूर र दण्ड सजाय</u>

२२. <u>कसूर गरेको मानिने</u>:कसैले देहाय बमोजिमको काम गरेमा निजले यस ऐन बमोजिमको कसूर गरेको मानिनेछः–

(क) यस ऐनमा अन्यथा लेखिएकोमा बाहेक प्रवेश अनुमतिपत्र नलिई बिरुवा, बिरुवाजन्य उपज, बायोलोजिकल कण्ट्रोल एजेण्ट, लाभदायक कीरा वा माटो पैठारी गरेमा ।

(ख) स्वस्थता प्रमाणपत्र बिना बिरुवा वा बिरुवाजन्य उपज, बायोलोजिकल कण्ट्रोल एजेण्ट, लाभदायक कीरा वा माटो पैठारी गरेमा,

(ग) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम दिइएको आदेश वा तोकिएको कुनै शर्त उल्लङ्घन गरेमा,

(घ) सङ्क्रमित बिरुवा वा बिरुवाजन्य उपज पैठारी गरेमा वा ल्याएमा,

(ङ) जानी जानी वा लापरवाहीपूर्वक सङ्क्रमित बिरुवा, बिरुवाजन्य उपज वा अन्य वस्तुको संसर्ग स्वस्थ्य बिरुवा, बिरुवाजन्य उपज वा अन्य वस्तुसँग गराएमा,

(च) सङ्क्रमित बिरुवा वा बिरुवाजन्य उपज बिक्री वितरण गरेमा,

(छ) पैठारीकर्ताले सङ्क्रमित बिरुवा, बिरुवाजन्य उपज वा अन्य वस्तु तोकिएको प्रक्रिया नपुऱ्याई नष्ट गरेमा,

(ज) सङ्क्रमित बिरुवा, बिरुवाजन्य उपज वा अन्य वस्तु निरीक्षक वा कार्यालय प्रमुखको स्वीकृति बिना क्वारेन्टाइन स्थलबाट हटाएमा,

(झ) तोकिएको प्रवेश नाका बाहेक अन्य प्रवेश नाकाबाट बिरुवा वा बिरुवाजन्य उपज बायोलोजिकल कण्ट्रोल एजेण्ट, लाभदायक कीरा वा माटो पैठारी गरेमा वा ल्याएमा,

(ञ) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खानतलासी गर्न, निरीक्षण गर्न वा नमूना सङ्कलन गर्न नदिएमा वा बाधा पुऱ्याएमा, वा

(ट) निरीक्षकले यस ऐन बमोजिम प्राप्त अधिकार प्रयोग गर्दा निजलाई बाधा पुऱ्याउने काम गरेमा ।

२३. दण्ड सजायः दफा २२ को खण्ड खण्डमा उल्लिखित कसूर गर्ने व्यक्तिलाई देहाय बमोजिम सजाय हुनेछः–

(क) खण्ड (क) र (ख) बमोजिमको कसूर गर्नेलाई कसूरको गाम्भीर्यता हेरी ⊗दश हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

(ख) खण्ड (ग), (झ), (ञ) वा (ट) बमोजिमको कसूर गर्नेलाई कसूरको गाम्भीर्यता हेरी ⊗पच्चीस हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

(ग) खण्ड (घ), (ङ), (च), (छ) वा (ज) बमोजिमको कसूर गर्नेलाई कसूरको गाम्भीर्यता हेरी ⊗पचास हजार रुपैयाँदेखि एक लाख पचास हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

(घ) निरीक्षण, परीक्षण वा उपचारको सिलसिलामा निरीक्षक वा कार्यालय प्रमुखले त्यसबाट पर्ने असर समेतलाई आधार मानी दिएको आदेश उल्लंघन गर्ने

---

⊗ पहिलो संशोधनद्वारा संशोधित।

व्यक्तिलाई कार्यालय प्रमुखले [⊗]पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

२४. जफत गरी नष्ट गरिने:यस ऐन बमोजिम पैठारी वा ओसार पसार गरिने बिरुवा, बिरुवाजन्य उपज, बायोलोजिकल कण्ट्रोल एजेण्ट, लाभदायक कीरा वा अन्य वस्तु निरीक्षण वा परीक्षणको क्रममा सङ्क्रमित रहेको पाइएमा उपचार हुने जति उपचार गरी छाडिनेछ र उपचार गर्दा पनि सङ्क्रमित रही रहेको पाइएमा त्यस्ता सामान जफत गरी नष्ट गरिनेछ ।

२५. खर्च व्यहोर्नु पर्ने:यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम बिरुवा, बिरुवाजन्य उपज, बायोलोजिकल कण्ट्रोल एजेण्ट, लाभदायक कीरा वा अन्य वस्तुको उपचार गर्न, नष्ट गर्न वा सम्बन्धित मुलुकमा फिर्ता गर्न लागेको सम्पूर्ण खर्च सम्बन्धित पैठारीकर्ता वा निकासीकर्ता वा त्यस्तो वस्तुसँग सम्बन्धित व्यक्तिले व्यहोर्नु पर्नेछ ।

## परिच्छेद–७

## विविध

२६. रकम जम्मा गराउन सक्ने:(१) बिरुवा, बिरुवाजन्य उपज, बायोलोजिकल कण्ट्रोल एजेण्ट वा लाभदायक कीराको धनी वा पैठारीकर्ताले त्यस्तो बिरुवा, बिरुवाजन्य उपज, लाभदायक कीरा वा बायोलोजिकल कण्ट्रोल एजेण्ट छोडी जान सक्ने कुरामा विश्वास गर्नु पर्ने मनासिब कारण भए कार्यालयले त्यस्तो धनी वा पैठारीकर्तालाई तोकिए बमोजिमको रकम कार्यालयमा जम्मा गर्न आदेश दिन सक्नेछ ।

(२) कार्यालयले उपदफा (१) बमोजिम आदेश दिएकोमा त्यस्तो धनी वा पैठारीकर्ताले सो रकम कार्यालयमा जम्मा गर्नु पर्नेछ र कार्यालयले सोको रसिद सम्बन्धित धनी वा पैठारीकर्तालाई दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त भएको रकम कार्यालयले आफ्नो धरौटी खातामा जम्मा गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम कार्यालयमा रहेका बिरुवा, बिरुवाजन्य उपज, बायोलोजिकल कण्ट्रोल एजेण्ट वा लाभदायक कीरा सङ्क्रमित भएको नपाइएमा वा त्यसको धनी वा पैठारीकर्ताले उठाई लगेमा वा सङ्क्रमण भएकोमा यस ऐन बमोजिम

[⊗] पहिलो संशोधनद्वारा संशोधित।

उपचार वा नष्ट गरेपछि कार्यालयले उपदफा (३) बमोजिम धरौटी खातामा जम्मा गरेको रकम त्यस्तो मालको धनीलाई फिर्ता दिनु पर्नेछ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो बिरुवा, बिरुवाजन्य उपज, बायोलोजिकल कण्ट्रोल एजेण्ट वा लाभदायक कीराको उपचार वा नष्ट कार्यालय आफैले गरेमा त्यस्तो उपचार वा नष्ट गर्दा लागेको खर्च कटाई बाँकी रहेको रकम मात्र फिर्ता गर्नु पर्नेछ ।

२७. <u>मुद्दाको अनुसन्धान तथा तहकिकात र दायरी:</u>(१) यस ऐन अन्तर्गतको कसूर सम्बन्धी मुद्दाको अनुसन्धान तथा तहकिकात  निरीक्षकले गर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुसन्धान तथा तहकिकात गर्दा अपनाउनु पर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम अनुसन्धान तथा तहकिकात पूरा भएपछि त्यस्तो निरीक्षकले सरकारी वकीलको राय लिई मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्नेछ ।

(४) उपदफा (१) बमोजिमको अनुसन्धान तथा तहकिकात त्यस्तो अनुसन्धान तथा तहकिकात शुरु भएको मितिले पच्चीस दिनभित्र पूरा गरिसक्नु पर्नेछ ।

२८. <u>मुद्दा हेर्ने अधिकारी:</u> यस ऐन अन्तर्गतको कसूर सम्बन्धी मुद्दा तोकिएको अधिकारीले कारबाही र किनारा गर्नेछ ।

२९. <u>सरकार वादी हुने:</u> यस ऐन अन्तर्गतको मुद्दा नेपाल सरकार वादी हुनेछ ।

३०. <u>पुनरावेदन:</u> (१) यस ऐन बमोजिम कार्यालय प्रमुख वा निरीक्षकले दिएको आदेशमा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो आदेश प्राप्त गरेको मितिले पैंतीस दिनभित्र दफा ६ बमोजिमको ⊗<u>सङ्गठन प्रमुख</u> समक्ष पुनरावेदन गर्न सक्नेछ ।

(२) यस ऐन बमोजिम मुद्दा हेर्ने अधिकारीले गरेको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले निर्णय थाहा पाएको मितिले पैंतीस दिनभित्र सम्बन्धित ▣<u>जिल्ला अदालत</u>मा पुनरावेदन गर्न सक्नेछ ।

३१. <u>असल नियतले गरेको कामको बचाउ:</u> यस ऐन बमोजिम असल नियतले गरेको कार्यको सम्बन्धमा कुनै पनि सरकारी कर्मचारी व्यक्तिगत तवरले उत्तरदायी हुने छैन ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

---

⊗ पहिलो संशोधनद्वारा संशोधित।

▣ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२द्वारा संशोधित।

तर लापरबाहीपूर्वक गरेको कामबाट उत्पन्न हुने परिणामलाई यस दफाको व्यवस्थाले कुनै असर पारेको मानिने छैन ।

३२. भन्सार सम्बन्धी कार्य: प्रचलित भन्सार सम्बन्धी कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम पैठारी गरिएका बिरुवा, बिरुवाजन्य उपज, बायोलोजिकल कण्ट्रोल एजेण्ट, लाभदायक कीरा, अन्य वस्तु, बिरुवा हुर्कने माध्यम जस्तै माटो, झ्याउ, पीट आदिलाई प्लाण्ट क्वारेन्टाइन चेक पोष्ट वा कार्यालयबाट नेपालभित्र प्रवेश गर्ने अनुमति प्राप्त भएपछि मात्र सम्बन्धित भन्सार कार्यालयले भन्सार सम्बन्धी प्रक्रिया अगाडि बढाउनु पर्नेछ ।

३३. कार्यालय स्थापना गर्न सक्ने: यस ऐनको प्रयोजनको लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकतानुसार प्लाण्ट क्वारेन्टाइन चेकपोष्ट वा क्वारेन्टाइन कार्यालय स्थापना गर्न सक्नेछ ।

३४. सहयोग गर्नु पर्ने: यस ऐन बमोजिम कार्य गर्दा निरीक्षक तथा कार्यालयको प्रमुखले भन्सार, हवाई अड्डा, वायुसेवा, हुलाक, प्रहरी, स्थानीय प्रशासन समक्ष आवश्यक सहयोगको लागि अनुरोध गर्न सक्नेछ र त्यसरी अनुरोध गरेमा सम्बन्धित निकाय तथा अधिकारीले आवश्यक सहयोग गर्नु पर्नेछ ।

३५. नियम बनाउने अधिकार: यस ऐनको उद्देश्य प्राप्त गर्न नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

∫३५क. कार्यविधि बनाउन सक्ने: मन्त्रालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही आवश्यक कार्यविधि बनाउन सक्नेछ।

३६. खारेजी र बचाउ: (१) बिरुवा संरक्षण ऐन, २०२९ खारेज गरिएको छ ।

(२) बिरुवा संरक्षण ऐन, २०२९ बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

(३) बिरुवा संरक्षण ऐन, २०२९ बमोजिम बिरुवा संरक्षण अधिकारी समक्ष दायर भई कारबाहीमा रहेका वा निर्णय हुन बाँकी रहेका मुद्दाहरु र तत् सम्बन्धी निवेदनहरु यो

---

∫ पहिलो संशोधनद्वारा थप।

दृष्टव्य :- लामो शीर्षक तथा संक्षिप्त नाम र प्रारम्भको ठाउँ-ठाउँमा रहेका "बिरुवा संरक्षण" भन्ने शब्दहरुको सट्टा "बिरुवा क्वारेन्टाइन तथा संरक्षण" भन्ने शब्दहरु राखी रुपान्तर गरिएको छ।



कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

ऐन प्रारम्भ भएपछि यसै ऐन बमोजिमको मुद्दा हेर्ने अधिकारी समक्ष सर्नेछन् र त्यस्तो अधिकारीबाट त्यस्ता मुद्दाहरुको कारबाही र किनारा हुनेछ ।

कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय